' पर्यटकीय नगरी '

# सूर्योदय नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय, इलाम

## शिलबन्दी दरभाउपत्र आव्हान सम्बन्धी सूचना

(पहिलो पटक प्रकाशित मितिः- २०७६\०७\२७)

यस सूर्योदय नगरपालिका, नगर कार्यपालिकाको कार्यालयबाट शिलबन्दी दरभाउपत्रवाट आपुर्ति गराउनुपर्ने भएकोले नेपालसरकारवाट इजाजतप्राप्त आपुर्तिकर्ताहरुबाट निम्न शर्तहरुको अधिनमा रहि रितपूर्वकको शिलवन्दी दरभाउपत्र आह्वान गरिन्छ ।

१. दरभाउपत्र फाराम यो सूचना प्रकाशितभएको मितिले १५ (पन्ध्र) दिनभित्र प्रोपाइटर वा निजको आधिकारिक प्रतिनिधिवाट रितपूर्वक दस्तुर (पछि फिर्ता नहुने गरी) रष्ट्रिय बाणिज्य बैक फिक्कलमा रहेको यस नगर कार्यपालिकाको संचितकोष बैंक खाता नं. २१००३०४०१८१०२ मा जम्मागरि यस कार्यालयबाट खरिद गर्न सकिने छ ।माथि उल्लेखित कार्यालयबाट खरिद नभएको र यस नगरकार्यपालिकाको कार्यालयमा पेश नगरिएको दरभाउपत्रलाई मान्यता दिईने छैन ।

२. दरभाउपत्र कागजात खरिद गर्न इच्छुक आपुर्तिकर्ताले नियमानुसारको दस्तुर वुझाएको रसिद पेश गरी निवेदन दिनु पर्नेछ निवेदन साथ आ.ब. २०७६/७७ को लागि नविकरण भएको फर्म दर्ता प्रमाणपत्र, मूल्यअभिवृद्धि कर दर्ता प्रमाण पत्र र आ.व.०७५\७६सम्मको कर चुक्ताको प्रमाणपत्रहरुको प्रमाणित प्रतिलिपि पेश गर्नु पर्नेछ।

३. खरिद गरिएका दरभाउपत्र फारम नियमानुसार भरी यो सूचना प्रकाशित भएको मितिले १६ औ दिनको १२.०० वजे भित्र यस कार्यालयमा दर्ता गर्न सकिने छ ।रीतपूर्वक दर्ता हुन आएका दरभाउपत्रहरु सोही दिनको २.०० वजे यस कार्यालयमा उपस्थित दरभाउपत्रदाताहरु वा निजको अधिकारप्राप्त प्रतिनिधिहरु र कार्यालयका प्रतिनिधिहरुको रोहबरमा खोलिने छ । दरभाउपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि दरभाउपत्र खोल्न कुनै बाधा पर्ने छैन ।

४. एक पटक पेश भएको सिलबन्दी दरभाउपत्र फिर्ता वा संशोधन गर्न सकिने छैन।

५. दरभाउपत्र खरिद गरिने अन्तिम दिन वा दरभाउपत्र बुझाउने अन्तिम दिन विदा पर्न गएमा सो को लगतै कार्यालय खुलेको दिन दरभाउपत्र खरिद गर्न वा बुझाउन सकिने छ ।

६. दरभाउपत्रको खाम वाहिर ठेक्का नम्बर, दाखिला गरिने कार्यालयको नाम, ठेगाना, कामको विवरण र दरभाउपत्रदाताको नाम, ठेगाना ,फोन नं र ई-मेल स्पष्ट लेखिएको हुनु पर्नेछ ।

७. दरभाउपत्र साथ रष्ट्रिय बाणिज्य बैक फिक्कलस्थित धरौटी खाता नं. २१००३०३००७१०२ मानिर्माण सेवाको नामवाट तपसीलमा उल्लेखित जमानत वापतको रकम जम्मा गरेको सक्कलै भौचर वा दरभाउपत्र पेश गर्ने अन्तिम मितिदेखि कम्तिमा ७५ (पचहत्तर दिन) म्याद भएको नेपाल सरकारवाट मान्यता प्राप्त 'क' श्रेणीको बाणिज्य बैंकहरुवाट यस कार्यालयको नाममा जारी गरिएको जमानीपत्र (Bid Bond) पेश गर्नुपर्ने छ । सो जमानीपत्र\भौचरमा सम्बन्धित ठेक्कापट्टा नं र कामको विवरण उल्लेख भएको हुनु पर्ने छ । सम्झौता सम्पन्न भएपछि मात्रजमानत वापतको रकम फिर्ता गरिनेछ दरभाउपत्रको मान्य अवधी ४५ दिनको हुनेछ।

८. बिधुतीय माध्यम (E-bid) बाट दरभाउपत्र पेश गर्न चाहने दरभाउपत्रदाताको लागि ठेक्कासँग सम्बन्धित कागजात खरिद गर्न यस कार्यालयको राष्ट्रिय बाणिज्य बैंक, फिक्कलको संचितकोष खाता नं २१००३०४०१८१०२ मा यस कार्यालयबाट उल्लेख गरिएको रकम जम्मा गरी www.boplatra.gov.np/egp बाट डाउनलोड गर्न सकिनेछ। साथै धरौटी बापत जम्मा गरिने सम्पूर्ण रकम यस कार्यालयको राष्ट्रिय वाणिज्य बैंक फिक्कल शाखामा रहेको धरौटी खाता नं. २१००३०३००७१०२ मा जम्मा गरी आधिकारिक सहीछापका साथ सम्पूर्ण अन्यकागजातहरु सँग स्क्यान गरी वा

Pdf बनाई विधुतीय माध्यमबाट पेश गर्न सकिनेछ र बोलपत्रदाताहरुले सम्पूर्ण कागजातको hard copy ठेक्का खोलिएको दिनको ७ दिनभित्र सम्बन्धित कार्यालयमा दाखिला गर्नुपर्नेछ । सो नभएमा मुल्यांकन कार्यबाट हटाई धरौटी रकम जफत गरिनेछ ।

९. दरभाउपत्रदाताले स्पप्ट रुपमा अंक तथा अक्षर दुवैमा दररेट लेख्नु पर्नेछ ।अंक र अक्षरमा फरक देखिएमा अक्षरमा लेखिएको दरलाई मान्यता दिईनेछ ।

१०. एउटा फर्मको नामवाट खरिद गरिएको दरभाउपत्र फारम अर्को फर्मको नाममा दाखिला गर्न पाईने छैन ।

११. दरभाउपत्रदाताले दरभाउपत्र पेश गर्दा मुल्य अभिवृद्धि कर वाहेकको रकम उल्लेख गरी दरभाउपत्र पेश गर्नु पर्नेछ ।

१२. स्थानिय तह तथा नेपाल सरकारलाई बुझाउनु पर्ने सबै प्रकारका करहरु दरभाउपत्रदाता स्वयं आफैले बुझाउनु पर्नेछ ।

१३. अन्य विस्तृत विवरण Bid Document को Bid Data मा उल्लेख गरिएको छ । सो सम्बन्धमा आवश्यक पर्ने प्रमाणहरु पेश गर्ने जिम्मेवारी दरभाउपत्रदाताको हुनेछ ।

१४. सूचनाको शर्त विपरित भएको, कार्यालयवाट उपलब्ध गराईएको दरभाउपत्रफाराममा कुनै थपघट गरिएका, रित नपुगेको, म्याद नाघी पेश हुनआएको दरभाउपत्र उपर कुनै कारवाही गरिने छैन ।

१५. दरभाउपत्रको परीक्षण र मूल्यांकन, दरभाउपत्रको सूचनाको शर्तहरु, BID DOCUMENTS, स्पेशिफिकेसन तथा प्रचलित ऐन नियम अनुसार हुनेछ र गुणस्तर परीक्षण गर्न लाग्ने सम्पूर्ण खर्च कवोल दररेटमा नै समावेश गर्नुपर्नेछ ।

१६. दरभाउपत्रको अन्य डकुमेण्टमा (भाषागत समेत) त्रुटी भएमा वा विषय वा प्रसंगले अन्य अर्थ लागेमा कार्यालयले कुनै वेला सच्याउन वाधा पर्ने छैन । कार्यालयको हितलाई ध्यानमा राखी दरभाउपत्र स्विकृत गर्ने, नगर्ने वा आंशिक रुपमा स्विकृत गर्ने वा सूचना नै रद्ध गर्ने लगायतका सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

१७. सुचनामा उल्लेख भएकोमा सोही वमोजिम र अन्य विषयको हकमा सार्वजनिक खरिद ऐन २०६३ र सूर्योदय नगरपालिकाको खरिद नियमावली, २०७५ तथा प्रचलित ऐन नियम अनुसार हुनेछ ।

१८. दरभाउपत्र शर्तरहित, केरमेट नभएको, मूल्यपत्र लगायत कार्यालयबाट उपलब्ध गराएका डकुमेण्ट फाराममा कुनै थपघट वा द्रष्टब्य नलेखिएको हुनुपर्नेछ ।

१९. दरभाउ सम्वन्धि थप जानकारीकालागि कार्यालय समयमा यस कार्यालयको योजना तथा प्राविधिक शाखामा सम्पर्क गर्न सकिनेछ ।

## आपुर्ति कार्यको विवरणः-

| सि. नं. | ठेक्का नं. | कामको विवरण | ल.ई. रकम रु (भ्याट वाहेक) | जमानत रकम | दरभाउपत्र फारम दस्तुर रु. |
|---|---|---|---|---|---|
| १. | सु.न.पा.का.\इलाम\एस.क्यू\आपुर्ति १\०७६\०७७ | मोटरसाइकल आपुर्ति कार्य | ६,४६,०१७.७० | १८,०००.०० | १०००.०० |
| २. | सु.न.पा.का.\इलाम\एस.क्यू\आपुर्ति २\०७६\०७७ | रंगिन जस्तापाता आपुर्ति कार्य | ८,९१,५९४.०० | २०,०००.०० | १०००.०० |
| ३. | सु.न.पा.का.\इलाम\एस.क्यू\आपुर्ति ३\०७६\०७७ | स्टील विद्यूतिय पोल आपुर्ति कार्य | १७,३१,७६८.०० | ४५,०००.०० | १०००.०० |

२०७६।६।२८

प्रमुख प्रशासकीय अधिकृत

सूर्योदय नगर कार्यपालिकाको कार्यालय, इलाम